नेपाल सरकार

शिक्षा मन्त्रालय

व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (दोस्रो)

बुद्धनगर¸काठमाडौ ।

**मसलन्द तथा कार्यालय सामानको सप्लाई सम्वन्धि बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७४/०५/२५**

यस परियोजनालाई आ.व ०७४/०७५ को लागी आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामानहरु सप्लाई गर्न ईच्छुक फर्म/ कम्पनीले देहाय बमोजिम शर्तको अधिनमा रही रित पुर्वकको बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१ बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले ३०औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको स्टोर शाखाबाट रु ३००० तिनहजार ( तिन हजार ) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिनेछ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औ दिन मध्यान्ह १२.०० वजे भित्र बोलपत्र फाराम मुल्य अक्षरमा प्रष्ट खोली फर्मको नाम ¸छाप र अधिकारवालाको सही सहित यस परियोजनामा दर्ता गराई सक्नु पर्नेछ।

३. दाखिला हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिउँसो २.०० वजे परियोजनामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ । वोलपत्र साथ बोलपत्र जमानत र रकम वापतको २.५% ले हुन आउने रकम रु ५५¸९००। (पचपन्न हजार नौसय मात्र) यस परियोजनाको नाममा "क" वर्ग वाणिज्य वैकवाट जारि भएको विडवण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैकं थापाथलि स्थित धरौटि खाता नं १२०१२००००१००२५२४ मा रकम दाखिला गरेको सक्कल भैचर संलग्न हुनु पर्ने र त्यस्तो बोलपत्रको जमानतको मान्य हुने अवधि बोलपत्रको भन्दा कम्तिमा ३० दिन बढि हुनु पर्नेछ ।

५. आपुर्तिकर्ताले बोलपत्रमा उल्लेख भए अनुसारको गुणस्तरयुक्त सामानहरु आपुर्ति गर्नुपर्नेछ । आपूर्ति गरेका समानहरु गुणस्तरयुक्त भए/नभएको विज्ञबाट जाँच गराउन सकिने छ र जाँच गराउदा सो बमोजिम नभएमा फिर्ता लगी गुणस्तरयुक्त समान उपलब्ध गराउनु पर्नेछ । परियोजनाले आवश्यकता अनुसार सामान घटी वा बढि पनि खरिद गर्न सक्नेछ ।

६. बोलपत्र पेश गर्न ईच्छुक रजिष्ट्रर्ड फर्म/कम्पनीले फर्म व्यावसाय दर्ता¸मूल्य अभिबृद्धि कर¸आयकर दर्ता प्रमाणपत्र र आ.ब. २०७२/०७३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

७. बोलपत्रदाताले खरिद कार्बाहीमा भाग लिन अयोग्य नभएको¸ प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाजिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पेश गर्नुपर्नेछ ।

८. बोलपत्र फाराम बुझाउदा सिलबन्दी गरी खामको बाहिर यस परियोजनाको नाममा "मसलन्द तथा कार्यालय सामानहरुको बोलपत्र" भनी स्पष्टसँग उल्लेख गरि दाखिला गर्नुपर्नेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://bolpatra.gov.np मा अनलाईन मार्फत पनि बोलपत्र दाखिला गर्न सकिनेछ । यसरी अनलाईन मार्पत बोलपत्र दाखिला गर्न चाहने फर्म/कम्पनीले बोलपत्र फाराम डाउनलोड गरी प्रयोग गरेमा बोलपत्र फाराम

बापतको रु ३,०००/- (पछि फिर्ता नहुने गरी) निम्नानुसारको राजश्व हिसाबमा दाखिला गरी सोको भौचरको स्क्यान कपि (PDF फर्म्याटमा) बोलपत्र फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

बोलपत्र फाराम बापतको रकम जम्मा गर्ने बैङ्कको नामः राष्ट्रिय बाणिज्य बैङ्क, टेकु, बैङ्कको कोडः ५२०१४००, कार्यालय कोड नं. २७-३५०-१५, राजश्व शिर्षक नं.: १४२२७

९. सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावल,२०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहनेछ ।

११. माथी उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१२. यस सम्बन्धी थप कुराको जानकारीको आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस परियोजनामा सम्पर्क राख्न सकिनेछ ।

१३. यो सूचना परियोजनाको वेवसाईट http://event.gov.np मा हेर्न सकिनेछ ।